# वन अनुसन्धान रणनीति, २०७३

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
**वन अनुसन्धान तथा सर्वेक्षण विभाग**

# वन अनुसन्धान रणनीति, २०७३

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

**वन अनुसन्धान तथा सर्वेक्षण विभाग**

| | | |
|---|---|---|
| प्रकाशक | : | नेपाल सरकार<br>वन तथा भू-संरक्षण मन्त्रालय<br>वन अनुसन्धान तथा सर्वेक्षण विभाग<br>बबरमहल, काठमाडौं<br>पो.व.नं. ३३३९, फोनः ०१४२२०४८२<br>ई-मेलः info@dfrs.gov.np |
| स्वीकृत मिति | : | २०७३/०९/२८ |
| निर्णय स्तर | : | नेपाल सरकार (मा. मन्त्रीस्तर) |
| प्रकाशित प्रति | : | ५०० |
| मुद्रण | : | विटी सप्लायर्स एण्ड प्रिन्टिङ्ग प्रेस प्रा.लि.<br>बुद्धनगर, काठमाडौं |

# वन अनुसन्धान रणनीति, २०७३

## १. पृष्ठभूमि

नेपालमा वन अनुसन्धानको क्षेत्रमा हाल सरकारी, शैक्षिक, गैरसरकारी संघसंस्थाहरु तथा अनुसन्धानकर्ताहरु व्यक्तिगत तवरले समेत क्रियाशील रहँदै आएका छन् । वनको अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने सरकारी निकायको रुपमा वन अनुसन्धान तथा सर्वेक्षण विभागको योगदान विशिष्ट प्रकृतिको रहेको छ । विगतमा वन अनुसन्धानका कार्यक्रमहरु राष्ट्रिय वन योजना २०३३ तथा वनक्षेत्रको गुरुयोजना, २०४४ अन्तर्गतको वन अनुसन्धान तथा प्रसार योजनाद्वारा निर्देशित रहिआएका थिए । वन व्यवस्थापनका विभिन्न आयामहरुमा आएको परिवर्तन, प्रविधि विकास, वन तथा वातावरणको क्षेत्रमा देखापरेका नवीन चुनौतिहरु, वन व्यवस्थापक तथा उपभोक्ताहरुका आवश्यकता एवं चाहनालाई सम्बोधन गर्न विद्यमान नीति योजना र कार्यक्रमहरु अपुग रहेको महशुस गरिएको छ । यसै सन्दर्भमा वनको सबै विषयगत क्षेत्रहरुका विद्यमान चुनौतिहरुलाई सम्बोधन गर्न आवश्यकतामुखी, सहभागितामूलक तथा वैज्ञानिक पद्दतिमा आधारित अनुसन्धान तथा सर्वेक्षण कार्य संचालन गर्न दीर्घकालीन रणनीतिको आवश्यकता महशुस गरी वन नीति २०७१, वन क्षेत्रको रणनीति २०७२, जैविक विविधता रणनीति तथा कार्यान्वयन योजना २०७१-२०७७, राष्ट्रिय विकास योजनाहरु लगायत अन्य वन, वातावरण तथा जैविक विविधतासंग सम्बन्धित सान्दर्भिक नीति, योजना तथा कार्यक्रमलाई आधार बनाई सरोकारवाला निकायहरुसंग छलफल गरी यो वन अनुसन्धान रणनीति २०७३ तयार गरिएको हो ।

## २. दीर्घकालीन सोच

नेपालको सामाजिक-आर्थिक समृद्धि तथा वातावरण संरक्षणमा वनक्षेत्रको योगदान अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

## ३. परिकल्पना

वन अनुसन्धान तथा सर्वेक्षणबाट प्राप्त नतिजा तथा परिणामहरुको आधारमा वन तथा वातावरण व्यवस्थापनको नीति निर्माण, योजना तर्जुमा तथा कार्यान्वयन सुनिश्चित गर्ने ।

## ४. लक्ष्य

वनको सबै विषयगत क्षेत्रहरुको समुचित व्यवस्थापनमा आवश्यक पर्ने ज्ञान, सिप र प्रविधिको विकास, बिस्तार एवं सदुपयोग गर्ने ।

## ५. रणनीतिक उद्देश्यहरु

यस रणनीतिका प्रमुख उद्देश्यहरु यस प्रकार रहेका छन् :-

क) वन सम्बन्धी अध्ययन/अनुसन्धान तथा सर्वेक्षण गरी नेपालको वनस्रोतको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोगबारे वैज्ञानिक पद्धतिहरुको विकास गर्ने ।

ख) वन अनुसन्धान/सर्वेक्षण कार्यहरुको नियमन, समन्वय तथा प्रभावकारी व्यवस्थापन गर्ने ।

ग) वन अनुसन्धानका नतिजाहरुमा सरोकारवालाहरुको सहज र सरल पहुँच सुनिश्चित गरी कार्यान्वयन गराउने ।

यो रणनीतिको प्रभावकारी कार्यान्वयनबाट अनुसन्धानमैत्री संस्थागत विकास, प्राथमिकता एवं सरोकारवालाहरुको आवश्यकताको आधारमा अनुसन्धान कार्यक्रमहरु संचालन, सरोकारवालाहरुको सहकार्यको अभिवृद्धि, अनुसन्धान कार्यक्रम तथा सूचना प्रणालीको प्रभावकारी व्यवस्थापन र अनुसन्धानबाट प्राप्त नतिजाहरुको महत्तम कार्यान्वयन हुने विश्वास गरिन्छ ।

# ६. रणनीति तथा कार्यनीतिहरु

**रणनीति १ : वन अनुसन्धान अनुकूल नीतिगत सुदृढीकरण गर्ने ।**

कार्यनीतिहरु :

- समग्र वनक्षेत्रको अध्ययन/अनुसन्धान तथा सर्वेक्षण सम्वन्धी मार्गदर्शन तथा समन्वय गर्न राष्ट्रियस्तरमा एक वन अनुसन्धान समन्वय समितिको व्यवस्था गरिनेछ ।
- वन अनुसन्धान तथा सर्वेक्षण कार्यहरुलाई एकीकृत, व्यवस्थित र मितव्ययी बनाउनको लागि स्वीकृति, अनुगमन, पुनरावलोकन तथा प्रमाणीकरण गर्ने व्यवस्था मिलाइनेछ ।
- राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्र वा वन नीतिले निर्देश गरेका विषयहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासंग आवद्ध भई ती संस्थाको सहयोग र सहकार्यमा अनुसन्धान संचालन गर्न वन अनुसन्धान तथा सर्वेक्षण विभागलाई स्वायत्तता प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- वन तथा वातावरणीय क्षेत्रका अनुसन्धान/सर्वेक्षणसंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिसम्झौता एवं संघसंस्थाहरुद्वारा आयोजित कार्यक्रममा विभागको प्रतिनिधित्वको व्यवस्था गरिनेछ ।
- विकास साझेदारहरुबाट वन क्षेत्रमा संचालित आयोजनाहरुमा ज्ञान उत्पादन (Knowledge generation) र अध्ययन-अनुसन्धान अङ्ग (Research component) समावेश गर्ने व्यवस्था मिलाइनेछ ।
- राष्ट्रिय आवश्यकताका विषयहरुमा विश्वविद्यालय, शैक्षिक संस्था तथा अनुसन्धानमूलक निकायहरुसंग सहकार्य र समन्वय गरी अनुसन्धानकर्ताहरुले शैक्षिक उपाधि प्राप्त गर्ने व्यवस्था गरिनेछ ।
- वन विकास कोषको रकम वन अनुसन्धान तथा सर्वेक्षणमा प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।
- अनुसन्धान/सर्वेक्षण कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि छुट्टै नर्म्‌शको व्यवस्था गरिनेछ ।

**रणनीति २ : वन अनुसन्धानको सस्थागत पुनर्संरचना गर्ने ।**

कार्यनीतिहरु :

- संघीय संरचना अनुकूल तहगत रुपमा अनुसन्धानमैत्री हुने गरी विभागीय पुनर्संरचना गरिनेछ ।
- स्थलगल अनुसन्धान इकाईहरुको स्तरोन्नति गरी वन अनुसन्धान तथा सर्वेक्षण कार्यक्रमहरुलाई सशक्त र प्रभावकारी रुपबाट संचालन गरिनेछ ।
- सरोकारवाला सरकारी निकायहरुमा वन अनुसन्धान सम्पर्क व्यक्ति तोकी जिम्मेवार बनाउने व्यवस्था मिलाइनेछ ।
- अनुसन्धान तथा सर्वेक्षण कार्यमा कर्मचारीहरुलाई Hardship तथा जोखिम भत्ताको व्यवस्था मिलाईनेछ ।
- वन तथा वातावरणीय अनुसन्धानको लागि आधुनिक र सुविधासम्पन्न केन्द्रीय वन प्रयोगशालाको व्यवस्था गरिनेछ ।
- केन्द्रीय वन पुस्तकालयलाई Forestry Knowledge Depository को रुपमा सक्षम बनाइनेछ ।

**रणनीति ३ : वन अनुसन्धान/सर्वेक्षणको क्षेत्रमा योग्य, सक्षम र सवल जनशक्ति निर्माण गर्ने ।**

कार्यनीतिहरु :

- अनुसन्धानकर्ताहरुको ज्ञान र सिप अभिवृद्धि गर्न विषयगत अध्ययन तथा तालीमको व्यवस्था गरिनेछ ।
- बहुआयामिक समूह (Multidisciplinary team) को स्थापना मार्फत अध्ययन अनुसन्धान गर्ने व्यवस्था मिलाइनेछ ।

- खास प्रकृतिका अनुसन्धान/सर्वेक्षण कार्यका लागि निश्चित अवधिको निम्ति आवश्यक पर्ने जनशक्ति अन्य विभाग वा निकायहरुबाट समेत व्यवस्थापन गरिनेछ।

- विभागमा कार्यरत अनुसन्धानकर्ताहरुको मूल्याङ्कन निजहरुद्वारा प्रकाशित अनुसन्धान प्रतिवेदन, जर्नलमा प्रकाशित लेख, अनुसन्धान पुस्तिका आदिको संख्या तथा गुणस्तरको आधारमा गरिनेछ।

- विभागका अनुसन्धानकर्ताहरुलाई अनुसन्धानमूलक लेख प्रकाशित गरे वापत पुरस्कार, प्रशंसापत्र वा प्रोत्साहन भत्ताको व्यवस्था मिलाइनेछ।

- अनुसन्धानकर्ताहरुलाई वन तथा वातावरणीय क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सभा, सम्मेलनहरुमा प्रतिनिधित्व गर्ने अवसर प्रदान गरिनेछ।

- अनुसन्धानकर्ताहरु सुपरभाइजर रहने गरी वन तथा वातावरण क्षेत्रका विद्यार्थीहरुलाई अनुसन्धान सहायता (Research grant) उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

**रणनीति ४ : वन अनुसन्धान कार्यक्रमहरुको प्रभावकारी व्यवस्थापन गर्ने।**

कार्यनीतिहरु :

- वन अनुसन्धानलाई वन क्षेत्रको उच्च प्राथमिकता प्राप्त क्षेत्रको रुपमा पहिचान गरिनेछ।

- वनक्षेत्रसंग सम्बन्धित अनुसन्धान/सवेक्षण कार्यमा विभागको प्रतिनिधित्व रहने व्यवस्था मिलाइने छ।

- वनक्षेत्र सम्बन्धी अनुसन्धानहरुलाई एकीकृत रुपमा संचालन गर्ने र अनुसन्धान समाप्त भए पछि एक प्रति प्रतिवेदन विभागमा अनिवार्य बुझाउने व्यवस्था मिलाइनेछ।

- सरकारी तथा गैरसरकारी निकायहरुद्वारा तयार गरिने वन सम्बन्धी अनुसन्धान/सर्वेक्षण तथा व्यवस्थापनसंग सम्बन्धित कार्यविधि, निर्देशिका, दिग्दर्शन तथा मार्गदर्शन विभागबाट प्रमाणित गराई मात्र लागू गर्ने व्यवस्था गरिनेछ।
- वनक्षेत्रको रणनीतिक अनुसन्धान (Strategic research) कार्यमा गैरसरकारी क्षेत्रलाई समेत समावेश गराउने नीति लिइनेछ।
- वनक्षेत्रको कार्यमूलक अनुसन्धान (Action research) कार्यहरुमा स्थानीय जनसमुदाय, स्थानीय उपभोक्ता, संघसंस्था आदि परिचालन गरी संचालन गरिनेछ।
- राष्ट्रिय स्तरमा वनस्रोत तथ्याङ्क अद्यावधिक गर्न प्रर्याप्त स्रोतको व्यवस्था गरिनेछ।

**रणनीति ५ : वन अनुसन्धानका प्राथमिक विषय र क्षेत्रहरुको पहिचान गर्ने।**

कार्यनीतिहरु :

- राष्ट्रिय विकास योजना तथा वन नीतिले निर्दिष्ट गरेका उद्देश्य र कार्यक्रम अनुरुप अनुसन्धानलाई केन्द्रित गरिनेछ।
- वनको सबै विषयगत क्षेत्रहरुलाई प्राथमिकता प्रदान गरी अनुसन्धान गर्ने नीति लिइनेछ।
- वनका सबै विषयगत क्षेत्रहरु अन्तर्गत आवश्यकता र अपरिहार्यताको आधारमा अनुसन्धानको प्राथमिकता निर्धारण गरिनेछ।
- वन अनुसन्धान कार्यक्रमलाई बिस्तार गरी क्षेत्रीय, भौगोलिक तथा पर्यावरणीय सन्तुलन मिलाइनेछ।
- छिमेकी मुलुकका समान जलवायु तथा भौगोलिक अवस्थाका स्थानमा संचालित अनुसन्धानका नतिजाहरुलाई परीक्षण गरी लागू गर्ने व्यवस्था मिलाइनेछ।

- राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा उच्च मूल्य भएका काष्ठ तथा गैरकाष्ठ वन पैदावारहरुको अनुसन्धानमा प्राथमिकता प्रदान गरिनेछ।

- स्थानीय र राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने र रोजगारी सिर्जना हुने अनुसन्धानहरुलाई प्राथमिकताका साथ संचालन गरिनेछ।

- स्थानीय स्तरका विशिष्ट समस्याहरुलाई सम्बोधन गर्न समुदायद्वारा व्यवस्थित वनहरुमा सहभागितात्मक कार्यमूलक अनुसन्धानलाई प्राथमिकता दिइनेछ।

- जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका उपायहरुसँग सम्बन्धी अध्ययन अनुसन्धान गरिनेछ।

- वातावरणीय दृष्टिले संवेदनशील तथा महत्वपूर्ण वनक्षेत्र, संकटापन्न रुख प्रजाति, वातावरणीय सेवा तथा जलाधार क्षेत्रहरुको अध्ययन अनुसन्धानमा जोड दिइनेछ।

- नेपालको राष्ट्रिय नीति तथा भौगोलिक क्षेत्र अनुसार उपयुक्त र नवीनतम बिषयहरुमा अनुसन्धान गरिनेछ।

- वनक्षेत्रको नीति निर्माण तथा योजना तर्जुमा कार्यमा प्रत्यक्ष योगदान पुग्ने विषय र क्षेत्रहरुको अध्ययन अनुसन्धानलाई प्राथमिकताका साथ संचालन गरिनेछ।

- अनुसन्धानको क्षेत्र तथा प्राथमिकताहरुलाई प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी परिमार्जन गर्दै लगिनेछ।

**रणनीति ६ : वन अनुसन्धानलाई वनक्षेत्रको नीति–निर्माण प्रक्रियासंग आवद्ध गर्ने ।**

कार्यनीतिहरु :

- वन अनुसन्धान तथा सर्वेक्षण कार्यलाई वनक्षेत्रको समग्र नीति योजनासंग आवद्ध गरी वन क्षेत्रको नीति तथा योजना तर्जुमा गर्दा अनुसन्धान/सर्वेक्षणबाट प्राप्त नतिजाहरुलाई आधार बनाउने व्यवस्था मिलाइनेछ ।
- वन तथा वातावरणीय क्षेत्रका अन्तर्राष्ट्रिय सन्धिसम्झौतासंग सम्बन्धित सवालहरुमा अध्ययन गरी त्यस अनुरुप राष्ट्रिय नीति निर्माण एवं कार्यान्वयन गर्न सहयोग गरिनेछ ।
- वन, तथा जलाधार व्यवस्थापनबाट प्राप्त हुने वातावरणीय सेवा सम्बन्धी अध्ययन गरी नीति निर्माण र पद्धति विकासमा सहयोग पुऱ्याइनेछ ।

**रणनीति ७ : वन अनुसन्धानमा विभिन्न सरकारी तथा गैरसरकारी निकाय एवं उपभोक्ता समूहहरुको परिचालन गरी भुमिका अभिर्वद्धि गर्ने ।**

कार्यनीतिहरु :

- वन अनुसन्धान तथा सर्वेक्षणमा संलग्न सरकारी, गैरसरकारी, अन्तर्राष्ट्रिय विकास साझेदार र शैक्षिक संघसंस्थाहरुलाई सरोकारवाला निकायको रुपमा पहिचान गरिनेछ ।
- वनक्षेत्रको संरक्षण, सम्वर्द्धन, सदुपयोग तथा दिगो विकासमा प्रत्यक्ष संलग्न स्थानीय उपभोक्ता समूहहरु, सामाजिक संगठनहरु, स्थानीय निकायहरुसंग समन्वय एवं सहकार्यमा अध्ययन अनुसन्धान र सर्वेक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- अनुसन्धान/सर्वेक्षणका सबै प्रक्रियाहरुमा सरोकारवालाहरुको सहभागिता सुनिश्चित गरिनेछ ।

- अर्धसरकारी/गैरसरकारी संस्था, निजी क्षेत्र एवं अनुसन्धानकर्तालाई समेत वन अनुसन्धानमा सहभागी हुन प्रोत्साहन गरिनेछ।
- वन तथा वातावरण सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्राप्त नतिजाहरुको कार्यान्वयन एवं अद्यावधिक गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धान संस्था एवं विश्वविद्यालयहरुसंग औपचारिक सम्बन्ध स्थापना गरिनेछ।
- वन अनुसन्धान/सर्वेक्षणमा संलग्न सरोकारवालाहरुको प्राविधिक क्षमता अभिवृद्धि गरिनेछ।
- अनुसन्धानकर्ता एवं वन सम्वन्धी अनुसन्धानकार्यमा संलग्न निकायहरुको सञ्जाल स्थापना र विकास गरिनेछ।

**रणनीति ८ : अनुसन्धान नतिजाहरुको प्रभावकारी प्रचार प्रसार तथा सूचना प्रवाह गर्ने।**

कार्यनीतिहरु :

- वन अनुसन्धान तथा सर्वेक्षण सम्बन्धी तथ्याङ्क तथा सूचना प्रणाली स्थापना गरी संचालन गरिनेछ।
- वन तथा वातावरणीय क्षेत्रको अध्ययन अनुसन्धान र प्राप्त तथ्याङ्क/सूचनाहरुलाई सर्वसाधारण तथा सरोकारवाला समक्ष प्रवाह गर्न वन सूचना तथ्याङ्क प्रवाह कार्यविधि बनाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- अनुसन्धानका नतिजाहरु प्रतिवेदन, वैज्ञानिक जर्नलमा लेख/रचना वा अनुसन्धान पुस्तिकाको रुपमा प्रकाशन गरिनेछ।
- लक्षित वर्ग अनुरुप सरल भाषा तथा माध्यमद्वारा सूचना प्रवाह गरिनेछ।
- सूचना प्रविधिको उच्चतम प्रयोग गरी केन्द्रीय वन पुस्तकालयको सुदृढीकरण तथा आधुनिकीकरण गरिनेछ।

- तथ्याङ्क तथा सूचनाको प्रचार प्रसारलाई आधुनिक सूचना तथा संचार प्रविधिको उपयोग गरी व्यवस्थित र प्रभावकारी बनाइनेछ।
- अनुसन्धानका नतिजाहरु कार्यशाला, तालिम, गोष्ठि आदिको माध्यमबाट सरोकारवालाहरुलाई प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।
- अनुसन्धानबाट प्राप्त नतिजाहरुलाई संचार गर्न विश्वविद्यालय, तालिम केन्द्र/प्रचारप्रसार निकायहरु लगायतसंग सहकार्य गरिने छ।

## ७. रणनीति कार्यान्वयन

वन अनुसन्धान रणनीतिको सफल तथा प्रभावकारी कार्यान्वयनको लागि देहायका कार्यहरु गरिनेछ।

७.१ रणनीति कार्यान्वयनमा अन्य निकाय र सम्बन्धित सरोकारवालासंगको समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन केन्द्रीयस्तरमा निम्नानुसारको एक राष्ट्रिय वन अनुसन्धान समन्वय समितिको स्थापना गरिनेछ :

| | | |
|---|---|---|
| अध्यक्ष | : | सचिव, वन तथा भू-संरक्षण मन्त्रालय |
| सदस्य | : | महाशाखा प्रमुख, योजना महाशाखा, वन तथा भू-संरक्षण मन्त्रालय |
| सदस्य | : | महानिर्देशक, वन अनुसन्धान तथा सर्वेक्षण विभाग |
| सदस्य | : | महानिर्देशक, वन विभाग |
| सदस्य | : | महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग |
| सदस्य | : | महानिर्देशक, भू तथा जलाधार संरक्षण विभाग |
| सदस्य | : | महानिर्देशक, वनस्पति विभाग |

| | | |
|---|---|---|
| सदस्य | : | डीन, वन विज्ञान अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय |
| सदस्य | : | डीन, वन विज्ञान संकाय, कृषि तथा वन विज्ञान विश्वविद्यालय |
| सदस्य | : | राजपत्राङ्कित प्रथम श्रेणी सरहका अधिकृत प्रतिनिधि, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान |
| सदस्य | : | राजपत्राङ्कित प्रथम श्रेणी सरहका अधिकृत प्रतिनिधि, नेपाल कृषि अनुसन्धान परिषद् |
| सदस्य | : | नेपाल सरकारद्वारा मनोनीत वन अनुसन्धान/सर्वेक्षण विज्ञ – दुई जना |
| सदस्य-सचिव | : | उप–महानिर्देशक, वन अनुसन्धान तथा सर्वेक्षण विभाग |

७.२ समितिको सचिवालयको रुपमा वन अनुसन्धान तथा सर्वेक्षण विभागले काम गर्नेछ।

७.३ उक्त समितिको कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

७.४ वन अनुसन्धानका विषयहरुको पहिचान, अनुसन्धान योजना/प्रस्ताव तयारी र कार्यान्वयन, तथ्याङ्क संकलन  र विश्लेषण, अनुसन्धान प्रतिवेदन तयारी, प्रचार प्रसार र नतिजा कार्यान्वयनमा सरोकारवाला निकायहरुको पहिचान गरी उनीहरुको भूमिकालाई स्पष्ट गरिनेछ।

७.५ रणनीति कार्यान्यवनका लागि आवश्यक पर्ने कार्यविधि, मार्गदर्शन तथा कार्यान्वयन योजनाको तर्जुमा तथा परिमार्जन गर्दै लगिनेछ।

## ८. अनुगमन तथा मूल्याङ्कन

८.१ यो रणनीति कार्यान्वयनको नियमित अनुगमनको कार्य वन अनुसन्धान तथा सर्वेक्षण विभागले गर्नेछ ।

८.२ यो रणनीति तथा यस अन्तर्गत तयार गरिने योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन नतिजामुखी सूचकहरुको आधारमा गरिनेछ ।

८.३ सरोकारवालाहरुको सहभागिता र सहकार्यमा हुने अनुसन्धानको अनुगमन तथा मूल्याङ्कनमा सहभागितात्मक पद्धति अवलम्बन गरिनेछ ।

## ९. परिमार्जन

यो वन अनुसन्धान रणनीतिलाई आवश्यकता अनुसार पुनरावलोकन एवं परिमार्जन वन तथा भू-संरक्षण मन्त्रालयले गर्न सक्ने छ ।

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा भू-संरक्षण मन्त्रालय

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौं

योजना महाशाखा

पत्र संख्याः-
चलानी नं.:- ६५१
प्राप्त पत्र संख्या र मितिः

(छाप: नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय सिंहदरबार, काठमाडौं)

मितिः २०७३/१०/०४

श्री वन अनुसन्धान तथा सर्वेक्षण विभाग
बबरमहल, काठमाण्डौ ।

विषयः बन अनुसन्धान रणनीति, २०७३ स्वीकृत भएको सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७३/९/२८ को निर्णयानुसार "वन अनुसन्धान रणनीति, २०७३" स्वीकृत भएकोले कार्यान्वयनका लागि स्वीकृत रणनीतिको छायाँप्रति थान १ (एक) यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

.............................
राजेन्द्र ढुंगाना
सहायक योजना अधिकृत